**नेपाल सरकार**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**पुरातत्व विभाग**

**बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

## सूचना नं.६/२०८१/८२

## प्रकाशित मिति : २०८१/०९/२४

१. चालु आ.व. २०८१।८२, पुरातत्व विभागको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु सिलबन्दी बोलपत्र/दरभाउपत्रबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएकोले इच्छुक निर्माण व्यावसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हान गरिएको छ ।

२. बोलपत्र/दरभाउपत्र ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्र/दरभाउपत्रदाताले देहायका कागजातहरु पेश गर्नु पर्नेछ :
(क) फर्म, संस्था वा कम्पनी दर्ताको नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपि । (ख) मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
(ग) आ.व. २०८०।८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।(घ) बोलपत्र/दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

३. उल्लेखित प्रमाणहरु सहितको दरभाउपत्र/बोलपत्र तोकिएको समयभित्र यस विभागमा पेश गर्नुपर्नेछ । प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकवाट प्रमाणित भएको हुनुपर्नेछ । दरभाउपत्र/बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम मिति तल उल्लेख भए अनुसार हुनेछ ।

४. विल अफ क्वाण्टिटिजमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्र/दरभाउपत्रदाताको कागजातको मान्य अवधी बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट दरभाउपत्रको हकमा ४५ दिनको हुनेछ र बोलपत्रको हकमा ९० दिनको हुनेछ । बोलपत्र/दरभाउपत्रदाताले तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा मान्यता प्राप्त वाणिज्य बैंक तथा वीत्तिय संस्थाबाट यस विभागको नाममा जारी गरेको बोलपत्र/दरभाउपत्रको कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधिको बैंक ग्यारेण्टी (वीडवण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । नगद जमानतको लागि ने.रा.वैक, थापाथलीस्थित को.ले.नि.का., थापाथलीको एकल कोष धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२५०२३५०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. **e-bidding सम्बन्धमा निम्नानुसार हुनेछ :-**

क. e-bidding गर्ने बोलपत्र/दरभाउपत्रदाताहरुले यस विभागलाई सार्वजनिक खरिद अनुगमन कार्यालयवाट उपलब्ध भएको भवन निर्माण सम्वन्धी e-bidding को अन्तरिम Portal प्रयोग गर्नु पर्नेछ। उक्त web मा login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्र/दरभाउपत्रदाताहरुले निम्न दरभाउपत्रमा भाग लिन सक्नेछन् ।

ख. बोलपत्र/दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु e-bidding Portal www.bolpatra.gov.np/egp, मा Scanned Copy Upload गर्नु पर्नेछ। यसरी सहभागी हुने बोलपत्र/दरभाउपत्रदाताहरुले बोलपत्र/दरभाउपत्र फारम दस्तुर वापतको को.ले.नि.का. थापाथलीको नेपाल राष्ट्र वैंक स्थित (रा.वा.बैंक टेकु शाखामा बुझाउने) राजस्व खाता नं.१२०१२००-००१-००६-५२४ (पुरानो खाता नं क-१-१-९९९) राजश्व शिर्षक १४२२९ कार्यालय कोड नं. ३२५०२३५०१ मा जम्मा गरेको वैंक भौचरको Scanned Copy Upload गर्नूपर्ने छ ।

ग. e-submission गर्ने बोलपत्र/दरभाउपत्रदाताहरुले बोलपत्र/दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ। Upload भएका बोलपत्र/दरभाउपत्र सोही दिनको २:०० वजे खोलिनेछ। Upload भएका बोलपत्र/दरभाउपत्रहरु सम्बन्धि कागजातहरुका सम्बन्धमा बिभागले आवश्यक ठानेमा सक्कल कागजातहरु माग गर्न सक्नेछ। माग गरेका सक्कल कागजात समयमा नै पेश नगरेमा मुल्यांकनमा समावेश गरिने छैन ।

घ. निर्माण व्यावसायीले e-bidding मार्फत पेश गरेको बोलपत्र/दरभाउपत्र खोल्ने समयमा निजको ई-बिड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मुल्याङकनमा समावेश गरिने छैन ।

७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन ।एकल वा संयुक्त उपक्रमको रुपमा पाँचवटा सम्झौता गरि सो सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले निर्माण कार्यको लागि आव्हान खुला बोलपत्र प्रकियामा एकल वा संयुक्त उपक्रमको रुपमा भाग लिन पाउने छैन ।निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौं बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले ३ दिन भित्र यस विभागलाई लिखित जानकारी गराउनु पर्नेछ ।

८. बोलपत्र/दरभाउपत्र दाखिला गर्ने म्याद अन्तिम मितिको १२ बजेसम्म हुनेछ भने पेश हुन आएका बोलपत्र/दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्र/दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि सिलवन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र/दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति तथा समयभन्दा कम्तिमा चौवीस घण्टा अगावै सिलवन्दी निवेदन दर्ता गराउनु पर्नेछ ।

९. बोलपत्र/दरभाउपत्रदाताको योग्यताका आधारहरु बोलपत्र/दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

१०. यस सूचनाको बुँदा नं २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको बोलपत्र/दरभाउपत्र उपर कारवाही हुने छैन

११. बोलपत्र/दरभाउपत्रदाताले कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ । तर बोलपत्र/दरभाउपत्र मान्य अवधि र बोलपत्र/दरभाउपत्रको जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

१२. कुनै पनि बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ । साथै बोलपत्र/दरभाउपत्र आव्हानको सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा यस विभागको Website र सूचनापाटीमा टाँस गरिनेछ । बोलपत्र/दरभाउपत्र दाखिला गर्ने र खोलिने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनलाई बोलपत्र/दरभाउपत्र दाखिला गर्ने र खोलिने अन्तिम दिन मानिनेछ ।

१३. यो सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

| सिनं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (भ्याट र कन्टिजेन्सी बाहेक( | बोलपत्रदरभाउपत्र/ जमानत रकम | बोलपत्रदरभाउपत्र/ दस्तुर फारम | ई बिडिङ्ग सुविधा | बोलपत्रदरभाउपत्र/ दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | DOA/NCB-26/PDRF-081/82 | डिङमा गुम्बा संरक्षण गर्ने कार्य, जुगल६-, सिन्धुपाल्चोक | २५,६५,४०२।७४ | ७१,०००।०० | ३,०००।०० | छ | २०८१।१०।२५ |
| २ | DOA/NCB-27/PDRF-081/82 | साबुर घ्याङ गुम्बा संरक्षण गर्ने कार्य, गोसाइकुण्ड२-, रसुवा | २०,५१,८९७।७२ | ५६,५००।०० | ३,०००।०० | छ | २०८१।१०।२५ |
| ३ | DOA/SQ-22/PDRF-081/82 | छहरे तेर्ता छोलिङ्ग गुम्बा संरक्षण गर्ने कार्य, इन्द्रावती-१, सिन्धुपाल्चोक | १३,६७,३४८।३७ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| ४ | DOA/SQ-23/PDRF-081/82 | साङ छिलिङ्ग गुम्बा संरक्षण गर्ने कार्य, थाङपाल-६,पाँचपोखरी, सिन्धुपाल्चोक | १३,६६,६८३।८८ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| ५ | DOA/SQ-24/PDRF-081/82 | टासी छयोलिङ्ग गुम्बा संरक्षण कार्य, लिसंखुपाखर गा३-पा., सिन्धुपाल्चोक | १३,६७,५१०।६१ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| ६ | DOA/SQ-25/PDRF-081/82 | सम्बा छयोलिङ्ग डिङमा गुम्बा संरक्षण गर्ने कार्य, हेलम्बु6-, सिन्धुपाल्चोक | १,३६७,०१६।८६ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| ७ | DOA/SQ-26/PDRF-081/82 | घ्याङ डाँडा घ्याङ गुम्बा संरक्षण कार्य, हेलम्बु6-, सिन्धुपाल्चोक | १७,०४,९२४।२९ | ४७,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| ८ | DOA/SQ-27/PDRF-081/82 | दाम्चाकोट भिमसेन मन्दिर परिसरको पौडेल पाटी संरक्षण गर्ने कार्य, काभ्रेपलाञ्चोक | १३,६६,६३५।७८ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| ९ | DOA/SQ-28/PDRF-081/82 | कुसु गुम्बा संरक्षण कार्य, किस्पाङ४-, नुवाकोट | १३,६७,१९९।२८ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| १० | DOA/SQ-29/PDRF-081/82 | फर्की गुम्बा संरक्षण कार्य, सूर्यगढी१-, नुवाकोट | १३,६५,८८०।५२ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| ११ | DOA/SQ-30/PDRF-081/82 | पुर्काङ गुम्बा संरक्षण कार्य, दुप्चेश्वर५-, नुवाकोट | १३,६६,८७८।०१ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | DOA/SQ-31/PDRF-081/82 | छुर्की गुम्बा संरक्षण कार्य, सूर्यगढी१-, नुवाकोट | १३,६७,३८८।१५ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| १३ | DOA/SQ-32/PDRF-081/82 | पेमलिङ गुम्बा संरक्षण कार्य, पार्वतीकुण्ड५-, रसुवा | १३,६४,५९६।५० | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| १४ | DOA/SQ-33/PDRF-081/82 | डकोन्कान्डो घ्युर्से गुम्बा संरक्षण कार्य, शिवपुरी६-, नुवाकोट | १३,६६,५१६।१४ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| १५ | DOA/SQ-Re16/PDRF-081/82 | केवलेश्वर महादेव मन्दिर संरक्षण गर्ने कार्य, रामेछाप न८-पा., रामेछाप | १७,११,२०६।९० | ४७,५००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| १६ | DOA/SQ-Re17/PDRF-081/82 | दुधनाथ महादेव मन्दिर तथा सत्तल संरक्षण गर्ने कार्य, सल्यानटार, धादिङ्ग | १७,१०,१८९।२७ | ४७,५००।०० | १,०००।०० | छ | २०८१।१०।१० |
| १७ | DOA/SQ-Re11/MASCP-081/82 | पुतलीसत्तल पुन : निर्माण कार्य,लिसंखुपाखर गा२-पा., सिन्धुपाल्चोक | १,३६६,७९९।८३ | ३८,०००।०० | १,०००।०० | छ | २०८१।१०।१० |

श्रीमान् महानिर्देशकज्यू,

उल्लिखित बमोजिमको सूचना यस विभागको सूचना पाटी र विभागको वेभसाइट **www.doa.gov.np** तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट **www.bolpatra.gov.np/egp** मा समेत प्रकाशनार्थ पेश गरेको छु ।

ईश्वर ओझा

लेखा अधिकृत